༄༅། །སོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

# सोलुदुधकुण्ड नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु

कोशी प्रदेश, नेपाल

प.सं.२०८०/०८१

च.नं.

मितिः२०८१/०१/२०

**विषयः किसान सूचीकरण कार्यक्रम अन्तर्गत सहजकर्ता छनौटका लागि आवेदन दिने सम्बन्धी सूचना ।।**

प्रस्तुत विषयमा सोलुदुधकुण्ड नगरपालिका, कृषि शाखाको आ.व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७ बमोजिम किसानको पहिचान गरि सरकारी तवरबाट किसानलाई उपलब्ध गराईने सेवा सुविधाको पारदर्शिता तथा सुशासन अभिवृद्धि गर्न तीनै तहको साझेदारीमा किसानहरुको आवश्यक विवरणहरु विद्युतीय प्रणाली मार्फत संकलन गरि किसान सूचीकरण गर्ने कार्यक्रम रहेको व्यहोरा सबैको जानकारीको लागि अनुरोध छ । किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७ बमोजिम किसान परिवारको वैयक्तिक तथा कृषि तथ्यांक संकलन/प्रविष्टीको लागि यस नगरपालिकाको वडा नं. ८,९,१० मा सहजकर्ता आवश्यक भएको हुनाले तपसिलमा उल्लेखित योग्यता पुगेका व्यक्तिहरुले आवश्यक विवरण सहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्रमा यस नगरपालिकाको कृषि शाखामा आवेदन दर्ता गराउनु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।सहजकर्ताको सेवा सुविधा कार्यविधिमा व्यवस्था भए बमोजिम तथ्याङ्क संकलन गरेबापत प्रति घरधुरी रु.१००/- रुपैयाँ र १ महिना काम गरेपछि सञ्चार खर्च वापत रु १०००/- उपलब्ध गराईनेछ । म्याद नाघी वा रीत नपुगी आएका आवेदन उपर कुनै कारवाही गरिने छैन ।

<u>तपसिलः</u>

१. आवश्यक योग्यताः
- न्युनतम १२ कक्षा उतीर्ण गरेको ।(कृषि वा भेटेरिनरी विषयमा TSLC गरेकालाई प्राथमिकता दिईनेछ)
- इन्टरनेट चलाउन सक्ने ।
- एन्ड्रोइड वा स्मार्ट फोन वा टयाब्लेट वा ल्याप्टप भएको ।

२. आवेदन साथ पेश गर्नुपर्ने कागजातः
- निवेदन
- नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि
- शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि
- सम्बन्धित वडाको हो भनि वडा कार्यालयको सिफारिस ।
- कार्य अनुभव भए सोको प्रमाण-पत्रको प्रातिलिपि ।

३. आवश्यक संख्याः ६ जना

४. छनौटको किसिमः अन्तवार्ता वा कम्प्युटर सीप परिक्षण

५. अन्तरवार्ता र कम्प्युटर सीप परिक्षण मितिः२०८१/०१/२७ गते बिहान ११:०० बजे ।

२०८१/१/२०

.........................

कोपिला राई

प्रमुख प्रशासकीय अधिकृत

<u>थप जानकारीको लागि</u>

सम्पर्क नं.:९८६९६६६०८२

Ph. No- 038-520264 Fax No- 038-520248 Website- www.solududhkundamun.gov.np

Email- solududhkundamun@gmail.com